म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२१ सोमबार २५ मंसिर २०८० नै. सं. ११४४ कछलागा 11 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बसपार्कबाट गाँजासहित दुईजना पक्राउ

हेटौंडा, २४ मंसिर/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१०, स्थित बसपार्कबाट लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ । सडकमा शंकास्पद अवस्थामा हिंडिरहेका कैलाश गाउँपालिका-१ डाँडाखर्क बस्ने १९ वर्षीय नवीन स्याङ्तान र सोही स्थान बस्ने १९ वर्षीय सुजीत स्याङ्तानलाई लागूऔषध गाँजा ७ किलो ३ सय ३० ग्रामसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

यसैगरी, पर्साको बीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट शनिबार साँझ लागूऔषध खैरोहेरोइनसहित एकजना पक्राउ परेका छन् । शनिबार साँझ १ ग्राम २१० मिलिग्रामसहित हेटौंडा उपमहानगरपालिका-११ बस्ने ४० वर्षीय समिर लामा पक्राउ परेका हुन् । प्रहरीचौकी इनर्वा र लागूऔषध नियन्त्रण ब्यूरो पर्साबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आइरहेका लामालाई लागूऔषधसहित पक्राउ गरेको हो ।

अदालतको भवन बनाउने निर्माण व्यवसायी नै अन्यायमा

निशा गुरुङ

हेटौंडा, २४ मंसिर/राजनीतिज्ञदेखि, व्यवसायी, कर्मचारी होस वा आमसर्वसाधरण न्याय खोज्न अदालत पुग्छन् । अदालत गएपछि न्याय मिल्ने विश्वास सबैमा छ ।

तर, अदालतकै भवन निर्माण गर्ने व्यवसायी भने अन्यायमा परेका छन् । व्यवसायी अन्यायमा पर्नुमा अदालतको भने कुनै दोष छैन । संघीय सरकारको बजेटबाट निर्माण भएको जिल्ला अदालत मकवानपुरको भवन निर्माण गर्ने व्यवसायी साउनदेखि काम गरेको पैसा माग्न भौंतारिएका छन् । नभौंतारिउन पनि कसरी, ऋण लिएर भवन निर्माण गरेका व्यवसायीले काम सकाएको झण्डै पाँच महिनादेखि साढे २ करोड रुपैयाँ भन्दा बढी रकम सर कारबाट पाएका छैनन् । ऋण लिएकै अवस्थामा पनि निर्माण व्यवसायीले साढे २ करोड रुपैयाँको बैंक ब्याज लाखौं तिर्नुपर्ने हुन्छ ।

तर, संघीय सरकारको अर्थ मन्त्रालयले भवन निर्माण सम्पन्न भइसक्दा पनि कविन्द्र/नवसिर्जनशील/सेलेट जेभीलाई साढे २ करोड रुपैयाँ बढी रकम निकासा गरेको छैन । निर्माण व्यवसायी आइतबार अर्थ मन्त्रालयमा भुक्तानीको लागि पुगेका थिए । उनीहरुलाई विगतमा जस्तै ढुकुटीमा पैसा नै नभएको जवाफ आएको नवसिर्जनशील निर्माण कम्पनीका

प्रतिनिधि अमर चौलागाईले जानकारी दिए । 'हामी आज (आइतबार) अर्थ मन्त्रालय गएका थियौं । पैसा छैन भनेर भनियो । यो महिनाभित्रमा निकासा हुने भनिएको छ ।', चौलागाईले भने ।

नयाँ भवन निर्माण सम्पन्न भएको ५ महिना हुनै लाग्दा जिल्ला अदालत भने उच्चअदालत पाटन हेटौंडा इजलाश परिसर भित्र रहेको पुरानै साँघुरो भवनबाट सञ्चालन भइरहेको छ । निर्माण व्यवसायीले काम गरेको रकम सरकारबाट भुक्तानी नभएका कारण नवनिर्मित भवन अदालतलाई हस्तान्तरण हुन पनि सकेको छैन । भवन अदालतलाई हस्तान्तरण नहुँदा साँघुरै भवनबाट कार्यालय सञ्चालन भइरहेको छ । गत साउन १९ गते नयाँ भवनको निर्माण सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि चौलागाईले बताए । उनले साढे २ करोड भन्दा बढी रकम भुक्तानी नपाएको बताए ।

२१ आघ २०७७ मा भवन निर्माण सम्झौता गरेर काम सुरु गरिएको थियो । १६ करोड हाराहारीमा ठेक्का सम्झौता गरेको कविन्द्र/नवसिर्जनशील/सेलेट जेभीले ३० महिना लगाएर भवन बनाएको हो । 'हामीले सम्झौता गरेको करिब ३० महिनाभित्रै भवन निर्माण सम्पन्न गरेका हौं । हालसम्म साढे १३ करोड हाराहारीमा पैसा आयो, अझै साढे २ करोड भन्दा बढी भुक्तानी हुन बाँकी छ ।', चौलागईले भने, 'नेपाल सरकारले कहिले दिन्छ अझै केही टुंगो लागेको छैन ।', उनका अनुसार भुक्तानी नपाए पनि केही दिनभित्रै सम्बन्धित अदालतलाई भवन हस्तारण गर्ने तयारी भइरहेको छ ।

जिल्ला अदालतका श्रेस्तेदार लेखनाथ पौडेलले अदालतले नयाँ भवन नपाउँदा सेवाग्राहीले समेत समस्या भोगिरहनु परेको बताए । श्रेष्तेदार पौडेलले भने, 'अर्थ मन्त्रालयले रकम उपलब्ध नगराएकले कम्पनीलाई भुक्तानी दिन सकेका छैनौं, अर्थ मन्त्रालयलगायत माथिल्लो निकायमा रकम भुक्तानीका लागि अदालतले ताकेता गरिरास्केको छ तर, सुनुवाइ भएको छैन ।', जिल्ला अदालत मकवानपुर चारजना न्यायधीश सहित ५६ जना कर्मचारी कार्यरत छन् । पुरानो भवन भत्काएपछि जिल्ला अदालत मकवानपुर उच्चअदालत पाटन हेटौंडा इजलास परिसरमा सरेको थियो । जिल्ला अदालतका कर्मचारी र न्यायधीश कोचाकोच गरी सेवा दिइरहेका छन् । सेवाग्राहीले पनि समस्या भोगिरहेका छन् ।

हेटौंडा उपमहानगर पालिका-२, स्थित जिल्ला प्रशासन कार्यालय मकवानपुर सामुन्ने बनेको अदालतको भवन सात तले रहेको छ । १ सय ३१ वटा कोठा रहेको भवनमा २ वटा लिफ्ट रहेका छन् । बागमती प्रदेशको राजधानी हेटौंडामा सरकारी कार्यालयमा लिफ्ट भएको भवन यो दोस्रो हो । यसअघि चौकीटोलमा अस्तियार कार्यालयसँगै बनेको भवन (हाल ३ वटा मन्त्रालय रहेको)मा लिफ्ट थियो । तर, यो भवनमा लिफ्ट भने सञ्चालनमा छैन ।

अदालतको नयाँ भवनमा सर्वसाधारण र अदालतका न्यायधीश एवम् कर्मचारी आवतजावत गर्ने लिफ्ट अलग छ । सात वटा इजलास कक्ष रहेको भवनमा १ सय ५० जना अट्ने क्षमताको सभाहल पनि छ । अन्डरग्राउन्ड पार्किंङ रहेको भवनमा १ सय ४ वटा सोलार प्यानलसमेत जडान गरिएको छ ।

बागमतीमा मानवअधिकार उल्लघंनका ६६ उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/मानवअधिकार आयोग बागमती प्रदेशको कार्यालय हेटौंडामा गत आर्थिक वर्ष २०७९/८० भित्र ६६ वटा मानवअधिकार उल्लघंनका घटनाको उजुरी परेको छ ।

आयोगको कार्यालयमा आव २०७९/८० को साउनदेखि असार मसान्तसम्म काठमाडौंबाट ४४ वटा उजुरी दर्ता भएको थियो । मकवानपुरबाट ६ वटा, ललितपुर, सिन्धुली, काभ्रे र चितवनबाट २/२ वटा, भक्तपुर र सिन्धुपाल्चोकबाट ३/३ वटा, दोलखा रामेछापबाट १/१ वटा गरी ६६ वटा उजुरीहरु दर्ता भएको कार्यलयकी निमित्त प्रमुख रेवा रेग्मीले जानकारी दिएकी छन् ।

आइतबार हेटौंडामा भएको ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रममा निमित्त प्रमुख रेग्मीले प्रदेशभित्र मानवअधिकार उल्लघंनको अवस्थाबारे जानकारी गराएकी थिइन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि उच्चअदालत पाटन हेटौंडा इजालसकी न्यायाधीश यमुना भट्टराईले मानवअधिकारका अवधारणालाई आत्मसाथ गर्दै काम गर्नुपर्ने बताइन् । पछिल्लो समय मानवअधिकार ऊल्लघंनका घटना वृद्धि भइरहेको अवस्थालाई औल्याउँदै उनले मानव अधिकारको अवधारणालाई लागू गर्न न्यायपालिकाले भूमिका खेलेको बताइन् । समाजमा लैंगिकविभेद तथा छुवाछुतविभेदका घटनाहरु देखापरिररहेको भन्दै विभेदविरुद्ध न्यायपालिकाले भूमिका खेलेको उनको भनाई छ । कार्यक्रममा प्रदेश सांसद प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, सामाजिक विकास मन्त्रालयका सचिव डा. भिष्मकुमार भुशाल, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, ईन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारी, गैरसरकारी संस्था महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा, अधिकारकर्मी कमल विश्वकर्मालगायते जिल्ला स्थित विभिन्न सरकारी र सामाजिक संघसंस्थाका प्रमुखको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

प्रदेशप्रमुख शर्मा अस्पताल भर्ना

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा अस्वस्थ भई अस्पतालमा भर्ना भएका छन् ।

प्रमुख शर्मा शनिबार विहानदेखि ज्वरो आएपछि अस्पताल भर्ना भएका हुन् । प्रदेशप्रमुख शर्माका प्रमुख स्वकीय सचिव पारसमणि फुँयालका अनुसार शर्माको काठमाडौंको हेल्पिङ् हृयाण्ड्स सामुदायिक अस्पताल चावहिलमा उपचार भइरहेको छ ।

स्वास्थ्य परीक्षणका क्रममा प्रमुख शर्मालाई निमोनिया देखिएको फुँयालले जानकारी दिए । उपचारत प्रदेशप्रमुख शर्माको अहिले

स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको उनको निजी सचिवालयले जनाएको छ । प्रमुख शर्मालाई केही दिन अस्पतालमै राखेर उपचार गर्नुपर्ने अस्पतालले जानकारी दिएको छ ।

ध्वनी प्रदुषण नियन्त्रण गर्न ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/मकवानपुरमा ध्वनी प्रदुषण नियन्त्रण गर्न ध्यानाकर्षण गराइएको छ । जनसरोकार केन्द्र मकवानपुरले आइतबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै ध्वनी प्रदुषण नियन्त्रणका लागि ध्यानाकर्षण गराएका हुन् ।

जनसरोकार केन्द्र मकवानपुरका संयोजक ध्रुवप्रसाद चौलागाईले प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाईलाई ध्यानाकर्षणपत्र बुझाउँदै बढ्दो ध्वनी प्रदुषण नियन्त्रण गर्न आग्रह गरे ।

ध्वनी प्रदुषणका कारण मकवानपुरका नागरिक समस्यामा पर्दै आएको भन्दै केन्द्रले सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारी सहित जिल्लाका अन्य सरकारी निकाय एवम् विभिन्न राजनीतिक दलहरुलाई पनि ध्यानाकर्षण गराइएको छ ।

साझाकुरा

हाम्रो कुरा

बाँदर जोगाउने कि बारीको मकै ?

मानव-वन्यजन्तुबीचको द्वन्द्व समाधान गर्ने कुरा गाउँखाने कथाजस्तै भएको छ । गाउँखाने कथामा गाउँ जिल्ने पात्रले गाउँको प्राकृतिकस्रोत, कर, आम्दानी, राम्राराम्रा कुरा सबै उसका तर, गाउँमा हुने समस्या, फोहोर, कुरीति जति सबै गाउँखाने कथाको उत्तर दिन नसक्नेको भागमा भन्ने गर्छन् । यसका लागि सामुदायिक वन, साझेदारी वन, कबुलियती वनका उपभोक्ताले त्यस वनबाट संकलित सबै वनपैदावारमा अधिकार पाएका छन् । संरक्षण पनि तिनै उपभोक्ताले गरिरहेका छन् । तर, राष्ट्रिय निकुञ्जको सवाल भने बेग्लै छ । मानव वन्यजन्तुबीचको समस्या निकुञ्ज र वन कार्यालयको भन्ने गरिएको छ जुन गलत हो । चितवन राष्ट्रिय निकुञ्जअन्तर्गतको बाघमारा मध्यवर्ती सामुदायिक वनले आर्जन गरेको रकम सडक पिच गर्नसमेत खर्च गरिएको छ । तर, अरु क्षेत्रमा उपभोक्ताको खेतबारीमा जंगली जनावरले नोक्सानी पुऱ्याउँदा कुनै राहत पाउँदैनन् । अब ढिलो नगरी हरेक जिल्ला वन कार्यालय र निकुञ्ज तथा आरक्ष कार्यालयले सामुदायिक वनको कार्ययोजना र विधान संशोधन गरी मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण र राहतमा अनिवार्यरुपमा सबैभन्दा बढी प्रतिशत बजेट खर्च गर्नुपर्ने प्रावधान राख्न लगाउनुपर्छ ।

हेटौंडा उपमहानगरपालिका-१२, १३ र १४ का स्थानीयले पर्सा राष्ट्रिय निकुञ्जको मध्यवती क्षेत्र सार्न माग गरेका छन् । शनिवार मध्वर्ती क्षेत्र व्यवस्थापनमा देखिएका विद्यमान समस्या समाधानका उपायहरु विषयक सरोकारवालासँग अन्तरक्रिया कार्यक्रममा बोल्दै स्थानीयले घनाबस्तीबाट मध्यवर्ती क्षेत्र सार्न जनप्रतिनिधिलाई दबाव दिएका हुन् । स्थानीयले जग्गा नापजाँच गर्न पाउनुपर्ने, काठदाउरा, ढुंगा, गिट्टीबालुवा सहज तरिकारले पाउनुपर्ने, दोहोरो कर नलिन र बन्यजन्तुबाट बचाउन मध्यवर्ती क्षेत्र सीमाना सार्न माग गरेका थिए । जग्गा नापजाँच गर्न पाउनुपर्ने र लालपुर्जा दिलाउने प्रक्रिया नै रोक्न खोज्ने पर्सा राष्ट्रिय निकुञ्जलाई ऐनकानुन ठूलो कि जनताको माग ठूलो ? भन्दै उनीहरुले चेतावनी दिएका छन् । स्थानीयले सरोकारवालालाई बोलाएर आफ्नो मागप्रति प्रतिबद्धता जनाउन दबावबसमेत दिएका छन् । तर, यस्ता प्रतिबद्धता बिगतमा पनि आएका थिए । राष्ट्रिय निकुञ्जको जिममेवारी बाँदर जोगाउने हो तर, मध्यवर्ती क्षेत्रका किसानको बारीको मकै जोगाउन सकिएन भने मुखमा माड लाग्नेवाला छैन । वर्षभरि खानुपर्ने खाद्यान्न जंगली जनावरले खाइदिएपछि जंगली जनावर र मानवबीच द्वन्द्व त हुने नै भयो । वफरजोन एरियालाई घनाबस्तीबाट हटाउन या निकुञ्जको ऐनमा संशोधन गर्न माग गर्ने स्थानीयले भनेजस्तो सजिलो छैन । निकुञ्जसम्बन्धी ऐन संशोधन गर्ने कुरा नेपाल सरकारको मात्र सरोकारको बिषय रहेन ।

दातृराष्ट्रको नजरमा पनि मध्यवर्तीका जनताले दुःख पाएको अनुभूति हुनु जरुरी छ । बिद्यमान ऐन कानूनको परिधिमा रहेर मानव र वन्यजन्तुबीचको द्वन्द्व शून्य बनाउन सम्भव छैन । सरकारी नीतिले प्रायः यस्ता द्वन्द्व सकेसम्म कम होस् भन्ने उद्देश्य राखेका हुन्छन् । नेपाल सरकारका नीतिहरु पनि द्वन्द्वका घटनामा पीडित हुने समुदायलाई राहतको व्यवस्था गर्नमा केन्द्रित छन् । वन्यजन्तु र मानव परापूर्वकालदेखि नै आपसमा मिलेर बसेका थिए, त्यसैले अब पनि मिलेरै बस्नुपर्छ भन्ने सैद्धान्तिक अवधारणामा विमति छैन तर, यसलाई व्यवहारमा कसरी ल्याउने भन्ने चुनौती छ । यस अवस्थामा हाम्रो भूगोलको क्षमता कति छ ? र यहाँ कुन प्रजातिको वन्यजन्तु कति छ ? भनेर मापन गरी त्यहीअनुसार नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । अन्तर्राष्ट्रिय जगतमा हेर्ने हो भने पनि यस्तै अभ्यास भएको पाइन्छ । भूगोलले नथेरुने अवस्थामा रहेका वन्यजन्तु अन्य ठाउँ छ भने स्थानान्तरण गरिन्छन् । आजसम्म हाम्रो समाजमा यस्तो अभ्यास भएको छैन । अब सुरु गर्न किन ढिलाई गर्ने ?

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २६ गते मंगलबार, १२ डिसेम्बर २०२३ । औंसी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४६, सूर्यास्त ५:०८ ।

आजको राशिफल

मेष	: परिवारमा सुखद माहौल रहनेछ	तुला	: मानसिक सन्तोष हुनेछ
वृष	: स्थिति अनुकूल बन्नेछ	वृश्चिक	: धन प्राप्ति हुनेछ
मिथुन	: प्रेम सम्बन्ध प्रगाढ हुनेछ	धनु	: व्यापारमा नयाँ योजना बन्नेछ
कर्कट	: अहंकारको भावले काम बिगार्नेछ	मकर	: कठिनाई कम हुनेछ
सिंह	: धार्मिक कार्यको अवसर मिल्नेछ	कुम्भ	: साथीभाइमा मनमुटाव हुनेछ
कन्या	: व्यापार राम्रो चल्नेछ	मीन	: नयाँ काम समय देखिन्छ

युवा पलायनको मर्म

डा. कृष्ण पौडेल

ऊर्जाशील युवा शक्तिको वैदेशिक बसाइँसराइको रहर अहिले उत्कर्षमा छ । आफ्नै भविष्य बनाउन रगत-पसिना बगाउनुपर्ने यो ऊर्जाशील युवा 'बर्मा गए पनि कर्मसँगै'को बाटो किन रोज्दैछ ? उनीहरूलाई के कुराले तानेको छ या के कुराले धकेल्दैछ ? यो नेपाली समाजमा सबैभन्दा पेचिलो सवाल बनेको छ ।

भरपर्दो तथ्याङ्कले यकिनै भन्न नसकिए पनि हाराहारी ३ करोड जनसंख्यामध्ये अहिले ६० लाख भन्दा बढी अर्थात् २० प्रतिशत नेपाली युवा श्रमिक देश बाहिर पूर्ण तथा आंशिक रोजगारीमा छन् । श्रम बजारमा हरेक वर्ष आउने ५ लाख हाराहारीका ऊर्जाशील युवालाई जीवन धान्ने उपाय नेपाली श्रम बजारले दिन नसकेसँगै यस्तो बसाइँसराइ खाडी मुलुक हुँदै विश्वभरि नै फैलिएको छ ।

कामको खोजीमा मुग्लान पस्ने हाम्रो पुरानै चलन हो । पछिल्लो पटक गाउँघरमा माओवादी द्वन्द्व चर्केसँगै गाउँका केही युवा पढाइ तथा कामको खोजीमा सबैभन्दा पहिले शहर पसे । उनीहरू शहरले रोजगारी दिने छोट्ट नदेखेपछि विदेशिन थालेका हुन् । द्वन्द्व अन्त्यसँगै अवसरको पर्खाइमा लाम लागेका सबै युवाको शहर हुँदै विदेश यात्रा तीव्र भएको हो । यो यात्रा मुलुकभित्र रोजगारी र आम्दानीको अभावमा अहिले थप फस्टाएको छ ।

पहिले शहर तथा विदेश जाने कुरा गाउँघर, परिवार र समुदायमा प्रतिष्ठा र गर्वको विषय मात्र थियो । तर अहिले यो बहुसंख्यक घरपरिवारको आम्दानीको स्रोत र राज्यका लागि विदेशी मुद्राको मुख्य स्रोत समेत बनेको छ । अहिले एकतिहाइ भन्दा बढी औसत आन्तरिक आम्दानीको स्रोत बनेको विप्रेषणले नै खर्च बढीको हाम्रो खानेकुरा र अन्य उपभोग्य वस्तुको आयात थामेको छ ।

यसको परिणाम भने धेरै सकारात्मक छैन । यो स्वयं परदेशिने युवा, घरपरिवार र समाजकै दुःख र पीरको कारक बनेको छ । कोही दुर्घटना वा अन्य कारणले जीवन गुमाएर बाकसमा फर्काइन्छ भने सास सहित फर्किएकाहरूको पनि बाँच्ने आधार खोसिएको हुन्छ, जीनहरूको कथा बेग्लै छ । ऋणको मिटरब्याजदेखि परदेशिने दिदीबहिनीका कथाव्यथा भनै कहालीलाग्दा छन् । ४० कटेपछि रमाउँला भन्दै परदेशिने युवाभित्र गुम्सिएको सामाजिक मनोविज्ञान झनै पीडादायी छ ।

यी सबै जान्दाजान्दै पनि हिजोआज नेपाल बस्न चाहने युवा विरलै भेटिन्छन् । घरै छोड्न नसक्ने अशक्त र मौका नपाउनेको कुरा बेग्लै भयो, नत्र कुनै युवाले नेपालमै बसेर केही गर्छु भनेको सुन्न कमै पाइन्छ । एक दुई जना आफ्नै विवेकले, केही बा-आमा र आफन्तका करकापले बाध्य भएका युवा बाहेक सबै पलायनको यात्रामा लामबद्ध छन् । यो यात्राको सम्मोहनले कसैलाई छोडेको छैन । यसको छनक राहदानी विभागदेखि हवाईअड्डासम्म प्रष्ट देखिन्छ ।

यसरी विदेशिने ऊर्जावान् श्रमशक्तिमा सबै वर्ग, जात लिङ्ग र भूगोलका बासिन्दा छन् । यिनमा लालाबालाका आमा-बादेखि सामाजिक जीवनको पूर्वार्द्धमा पाइला टेक्दै गरेका पाका मानिससँगै जुँगाको रेखीधरि बसिनसकेका कलिला युवासम्म छन् । यीमध्ये धेरै ग्रामीण युवा किसान नेपालको हराभरा खेतबारी छोडेर रोजगारीका लागि भारत र खाडी मुलुकमा छन् ।

केही घरानियाँ, पढेलेखेका, अब्बल र सचेत बा-आमाका उत्कृष्ट भनिएका सन्तति भने अध्ययनका लागि भन्दै विकसित भनिने युरोप, अष्ट्रेलिया र अमेरिका पुगेका छन् ।

उता, यीमध्ये अधिकांश अध्ययनछि उतैको समृद्धि यात्रामा जुटेका छन् । यसरी परदेशिएका केहीलाई नेपालको औधी माया झाँगिएको छ । उनीहरूलाई चुनावमै प्रतिस्पर्धा गर्ने गरी राजनीतिक अधिकार सहितको दोहोरो नागरिकता चाहिएको छ । आफूले रिझाएका नेतालाई भोट हाल्न बाहेक यस्तो नागरिकता किन चाहियो ? उनीहरूसँग बनावटी तर्क होला तर चित्तबुझ्दो जवाफ छैन ।

यता, आम अभिभावकको त कुरै छोड्दौं, धेरैजसो समाजमा कहलिएका नेता, कर्मचारी, सामाजिक अभियन्ता र उद्यमी अभिभावक समेतले आफ्ना सन्तानलाई मुग्लान पठाएका छन् । अधिकांश यसमा गर्वित छन् । सार्वजनिक खपतका लागि आश्वासन र अर्ति दिने कुरा बेग्लै भयो, नत्र कसैले पनि युवाहरूलाई 'नेपालमै बस, तिम्रो र यो समाजको भविष्य राम्रो हुन्छ' भन्ने आँट गर्न सकेका छैनन् ।

अहिलेसम्म नेपालको जनसांख्यिक विभाजनमा यिनै ऊर्जाशील युवाशक्तिको बाहुल्य छ । तर यी सबै देश बाहिर जान आतुर छन् । मुलुकको अर्थतन्त्र यिनै युवाको रगत-पसिनाले पठाएको विप्रेषणले धानेको छ । कुनै पनि कारणले अहिलेकै अवस्था रहिरह्दयो र नेपालमा बाँकी रहने अहिलेको पुस्ताले आउने दशकमा उन्नति र प्रगतिको फड्को नमारी पाको उमेरमा पाइला राख्ने परिस्थिति बन्यो भने, नेपाली समाजको दुर्दिनको गन्ती त्यहींबाट सुरु हुन्छ । किनकि अहिलेको एक चौथाइ जनसंख्याले त्यतिबेला आफ्नै ज्यान पाल्ने र स्याहार गर्ने जोहो गर्न समेत श्रम गर्ने हैसियत गुमाइसकेको हुनेछ ।

यस्तो अवस्थामा हाम्रो समाजको भविष्य अझ कस्तो होला ? यिनले नेपालमा भविष्य किन देख्न सकेका छैनन् ? यिनलाई आश जगाउनुपर्ने नेपाली समाजको अगुवा वर्ग कहाँ बरालिएको छ ? यी र यस्ता धेरै निकै पेचिला प्रश्नहरू छन्, जसको समय छँदै जवाफ नखोज्ने हो भने नेपाली समाजले युवा पलायनको बाटो हुँदै निकट भविष्यमा समाजकै विघटनको यात्रा तय गर्नेछ भन्न हिच्किचाउनुपर्दैन ।

चाहे मानिस होस् या अन्य जीव आफ्नो थातथलो छोड्ने मुख्य कारण भनेकै पेटभरि खान नपाउने भय र असुरक्षा हो । समाज विकास क्रममा यसको सन्दर्भ फेरिएर अहिले रोजगारी र आम्दानी नहुने डर भएको छ । उमेर समूहको हिसाबले युवा वर्गले नै सबैभन्दा पहिला यो डरको सामना गर्नुपर्छ । त्यसैले बहुसंख्यक युवा सबैभन्दा पहिले आफ्नै पेट पाल्न र घरपरिवारका लागि बिहान-साँझको चुलो बाल्न घर छोडेका हुन् ।

यो वर्ग समाजको सबैभन्दा ऊर्जाशील र सिर्जनशील जमात हो । पेटको आगो निभाउने उपाय भए यो वर्ग सधैं नयाँ-नयाँ अवसरको खोजीमा हुन्छ । प्रविधिमा आएको बदलावसँगै अहिलेको अधिकांश युवा पुस्ताले आफ्ना आमा-बाले गरे जस्तो खेतीपातीमा लागेर आफ्नो भविष्य राम्रो हुने छोट्ट देखेको छैन । एकातिर उसलाई आजको समाज, राजनीति र शिक्षाले कृषि कर्म गरेर रोजगारी र आम्दानीको भरोसा दिलाउन सकेन ।

अर्कोतिर, अहिलेकै अवस्थामा तत्कालै रोजगारी र आम्दानीका क्षेत्र विस्तार हुने आश गर्ने कुनै आधार समेत उसले देखेको छैन । यस्तो अवस्थामा उसले अवसरको खोजीमा विदेश पलायनको बाटो रोज्नु स्वाभाविक छ ।

सँगै, युवालाई उमेर समूहको मात्र अर्थमा हैन, वास्तविक युवा ऊर्जा र परिपक्व जीवन र जगतको चेतको जगमा समेत बुझिनुपर्छ । यो वर्ग भविष्यप्रति आफ्नै पौरखबाट आश्वस्त हुन चाहन्छ । ऊसँग ऊर्जावान् आँट र जोश छ तर कतै अवसर देखेको छैन ।

हरेक राजनैतिक आन्दोलनपछि समाज उन्नत हुनुको साटो झन् झन् अधोगतिको यात्रामा ओरालो लागेको हजुरबा पुस्तादेखिका गुनासा सुनेको छ । लुछाचुँडी, जालझेल, ठगी र अत्याचार चलिरहेको देखेको र भोगेको छ । यो सबै स्वीकार्न उनीहरूलाई सकस परेको छ।

गाउँघरदेखि शहरसम्म कार्यालयदेखि पसलसम्म ठूलाबडाको हैकम र मनोमानीको पीडा भोगेका छन् । हाम्रो जस्तो सामन्ती समाजमा युवाहरू अपहेलित, तिरस्कृत, उपेक्षित र असुरक्षित भएको महसुस गर्छन् । युवतीको अवस्था झनै दयनीय छ । यो सबै देखे-भोगेको युवा पुस्ताले समाज परिवर्तनका लागि आन्दोलन गर्ने आँट गुमाइसकेको छ ।

आफ्नै जिन्दगीलाई फर्केर हेर्न बिर्सेको आडम्बरी बूढो पुस्ताको छत्रछायाँमा जिउन बाध्य युवा सामन्ती समाजमा कहिल्यै सम्मानित भएर बाँच्न पाउँदैन । उसले उल्टै थेच्चिनु, होचिनु र हेपिनुपर्छ । अहिले भइरहेको बसाइँसराइ यिनै अन्तरविरोधको जगमा भएको विद्रोहको परिणाम समेत हो ।

रुसोले भने झैं मानिस स्वतन्त्र जन्मिन्छ र सामाजिक जञ्जालले बाधिंदै जान्छ । घरपरिवारमा बितापको बाल्यकालबाट भर्खर समाजमा प्रवेश गरेको युवा मन र मस्तिष्क अन्य उमेर समूहको भन्दा स्वतन्त्र हुन्छ । यसको सबैभन्दा बलियो पक्ष भनेको यो आफ्नै अनुभवको पर्खालको जडताले घेरिएको हुँदैन र सबैखाले सामाजिक जञ्जालले बाँधिइसकेको पनि हुँदैन ।

यी सबैका समष्टिमा निसासिएको युवाले सास फेर्ने आशमा निकास खोजेको हो । यो यस अर्थमा, उनीहरूको रहर हैन बाध्यता हो । विडम्बना, यो बाध्यतासँगै उनीहरू थप असुरक्षित र निरीह देखिएका छन् । युवाहरू सामान्यतया स्वभावैले ऊर्जावान्, लचिला र सजिलै घुलमिल हुनसक्ने हुन्छन् । तर कलिलै उमेरमा पलायन हुन बाध्य युवा जमात धेरै दृढ, आशावादी र सुरक्षित भने छैनन् ।

मुख्यतः उनीहरूको पारिवारिक र पारस्परिक सम्बन्धको सांस्कृतिक जालो भत्किएको छ । पारिवारिक संस्कृतिमा हुर्केका उनीहरू व्यक्तिवादी समाजमा अभ्यस्त नहुँदा आफ्नै परि स्थितिको दास भएका छन् ।

अहिले भइरहेको वैदेशिक यात्रालाई मलजल गर्न विश्वव्यापी प्रकृति तथा वातावरणीय र खानेकुराको संकट नै पर्याप्त छ । खासगरी, जलवायु परिवर्तनले धेरै मानिसलाई निकट भविष्यमै वातावरणीय तथा खाद्य शरणार्थी बनाउँछ । यसले बसाइँसराइ अझै पेचिलो बनाउने निश्चित छ । यो सम्भावित परिणामको सामना गर्न युवा पुस्ताको आश जगाउन नसके यो संकट झनै गहिरिदैछ ।

यो सबै कुरालाई आत्मसात् गर्दै अब युवालाई आफ्नै देशमा भविष्य सम्हाल्न ब्यूँझिनुको विकल्प छैन । अरूले त सके यिनलाई यसतर्फको यात्रामा साथ दिऔं, नसके उनीहरूको आफ्नो भविष्यतर्फको यात्रामा दृढ भई अघि बढ्न बाटो छोडिदिऔं । यसैमा हामी सबैको कल्याण छ ।

(साभार: अनलाइनखबर)

लोकतन्त्र धरापमा परेको हो त ?

डा. घनश्याम ओझा

नेपालमा प्रजातन्त्र र प्रजातान्त्रिक व्यवस्था पुर्नस्थापनाका लागि नेपाली नागरिक विगतमा तीन पटकसम्म सडकमा आए । बिक्रम सम्वत् २००७, २०४६ र २०६२/६३ का नागरिक आन्दोलनमा कैयौं नेपाली नागरिक सहिद भए । सैयौं अंगभंग भए ।

यी आन्दोलनले पारेको सामाजिक समस्या भने कैयौं गुणा गहिरो होला । तर ठूलो बलिदानपछि मात्र पटक पटक प्रजातन्त्र पुनर्स्थापना भएको हो । तीनैवटा नागरिक आन्दोलन मूलतः एउतै पात्रविरूद्ध थिए । तत्कालीन राजा नै आन्दोलनको प्रमुख निशानामा थिए किनकि उनैले विभिन्न बहानामा प्रजातन्त्र हत्याएका थिए ।

प्रजातन्त्रका लागि भएका हरेक नागरिक आन्दोलनले एउटा भाष्य पनि निर्माण गरिरहेको थियो । त्यो थियो – नेपालमा प्रजातन्त्रमाथि खतरा सधैंभरि राजाबाट मात्र हुने रहेछ र राजतन्त्र र प्रजातन्त्र सँगसँगै जान नसक्ने रहेछ ।

सायद यो भाष्यले नै राजनीतिक दलहरूलाई २०६२/६३ को जनआन्दोलनपछि राजतन्त्र फालेर गणतन्त्र स्थापना गर्ने निष्कर्षमा पुऱ्याएको हुनुपर्छ ।

विगतमा मूलतः तत्कालीन राजा र उनका कदमको कारण प्रजातन्त्र धरापमा परेको वास्तविकता हो । २०६४ सालयता नेपालमा गणतान्त्रिक शासन छ । राजा आमनागरिककै हैसियतमा छन् र शासन सत्तामा उनीबाट वैधानिक/कानुनी रूपले कुनै अवरोध हुने सम्भावना छैन ।

तर पनि पछिल्लो समय सामाजिक सञ्जाल र सडकमा भइरहेका गतिविधि हेरेर 'नेपालमा फेरि पनि प्रजातन्त्र/लोकतन्त्र धरापमा परेको हो कि' भन्ने अड्कलबाजी सुरू भएको छ ।

हामीले यति कठिन आन्दोलन गरेर ल्याएको लोकतन्त्र १६ वर्षमा साँच्चै नै धरापमा परेको हो त? यदि धरापमै परेको हो भने के कारण र कसको कारणले पऱ्यो त ?

लोकतान्त्रिक गणतन्त्रमाथि आक्रोश

सामाजिक सञ्जाल र सडकमा व्यक्त विचार/प्रतिक्रियाहरू मिहिन ढंगले केलाएर हेऱ्यो भने ती सबै आक्रोश समग्रमा हालको व्यवस्थाभन्दा पनि यो व्यवस्था नेतृत्व गरिरहेका एउटा पुस्ताको विरूद्ध केन्द्रित देखिन्छ । ती सबै आक्रोशको निचोड 'यो पुस्ताले दलाल, नोकरशाही, घुसखोरीसँगको साँठगाँठमा नवसम्भ्रान्त वर्गको विकास गऱ्यो, मुलुकलाई आर्थिक रूपमा जर्जर बनायो, प्रजातान्त्रिक शासन व्यवस्थाका मान्यताहरूको धज्जी उडायो र आफैं भ्रष्टाचार र अस्तव्यस्ततामा चुर्लुम्म डुब्यो' भन्ने छ ।

यो सम्पूर्ण आक्रोश त्यही पुस्तावि‍रूद्ध छ जुन पुस्ताले नेपालमा प्रजातन्त्रका लागि जेलनेल खायो, छोराछोरी परिवार गुमायो, सम्पति र खुसी गुमायो । आखिर किन यस्तो 'आदर्श' पुस्ताविरूद्ध आक्रोश बढ्यो त ?

यसबारे पनि यो आलेखमा चर्चा गरिने छ ।

कुरा सुरू गरौं, मेडिकल व्यवसायी दुर्गा प्रसाईले केही समयअघि काठमाडौंमा गरेको सडक आन्दोलनबाट ।

आजभन्दा छ महिनाअघि प्रसाईको आन्दोलन बैंकहरूका विरूद्ध थियो । उनले आफ्नो व्यवसायका लागि बैंकबाट लिएको ऋणको ब्याज नतिरेका कारण बैंकले ताकेता गरेको थियो । त्यसपछि उनले सहकारी र बैंकबाट ऋण लिएर साँवाब्याज चुक्ता गर्न नसकेकाहरूलाई संगठित गरे । बैंक र सहकारीविरूद्ध धावा बोले । सञ्चालकहरूविरूद्ध आन्दोलनको घोषणा गरेक्ष

त्यो आन्दोलनमा विस्तारै साथ दिन अन्य समूहहरू समेत मिसिए । यसरी मिसिनेमा कोही धर्म निरपेक्षता खारेज गरेर हिन्दु राज्य पुनर्स्थापना गर्न चाहन्छह कोही सक्रिय राजतन्त्रह कोही संवैधानिक राजतन्त्र र कोही भने संघीयता खारेज गरी बिगतको केन्द्रिकृत राज्य संरचना पुनर्स्थापना गराउन चाहन्छ । यस्तै, कुनै समूह हालको मिश्रित निर्वाचन प्रणाली खारेज गरी प्रत्यक्ष निर्वाचन प्रणालीको वकालत गर्छ ।

यी सबैको आकांक्षा पूरा हुन हालको व्यवस्था असफल हुनु अपरिहार्य देखिन्छ । यी सबै स्वार्थ समूहले आफ्नो असन्तोष व्यक्त गर्ने ठाउँ प्रसाईमा देखे ।

हुन त प्रसाई नेतृत्वको वा यस्तै अन्य आन्दोलनले तत्कालै प्रजातन्त्र धरापमा पार्ने कुरामा कुनै आधार छैन । विगतकै आन्दोलन हेर्ने हो भने सडक आन्दोलनले मात्रै राजतन्त्र खारेज गरेको होइन । संविधान सभामा दुईतिहाई मतले मात्रै धर्म निरपेक्षता, संघीयता स्थापना र राजतन्त्र खारेज गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको हो ।

त्यसैले यो लोकतान्त्रिक गणतन्त्र, संघीयता र धर्म निरपेक्षता खारेज गर्ने नै हो भने व्यवसायी प्रसाई लगायत समूहले आफ्नो तागत संसदमा दुईतिहाई मतको निर्माण गर्न सक्नुपर्छ । नत्र संविधान सभाले जारी गरेको संविधानका सम्पूर्ण संरचना र शासन व्यवस्था फाल्छु भन्नु दिवास्वप्न हुन्छ । सामाजिक सञ्जालमा व्यक्त र सडकमा देखिएको आक्रोश मात्रै हेरेर लोकतन्त्र धरापमा पऱ्यो भन्ने निष्कर्षमा पुग्नु अलि अपरिपक्व हुन्छ ।

पछिल्लो परिघटना हेर्ने हो भने राजनीतिक व्यवस्था र संरचनाका पक्षधर ठूला राजनीतिक दल र सरकार दबाबमा परेको भनेर सहजै अनुमान गर्न सकिन्छ॰ हालै सरकारले सामाजिक सञ्जाल टिकटक बन्द गरेको घटना त्यसैको उदाहरण हो ।

व्यवसायी प्रसाईको काठमाडौं केन्द्रित आन्दोलनमा सरकारले सडकमा ठूलो संख्यामा सुरक्षा दस्ता खडा गऱ्यो र प्रसाईलाई घरमै 'नजरबन्द' गरेको घटनाले पनि सरकारको हतोत्साही मनस्थिति प्रस्ट देखाउँछ । आखिर सरकार किन सामाजिक सञ्जाल र सडक आन्दोलनबाट झस्किएको, तर्सिएको छ त ?

२०४६ र २०६४ सालको परि वर्तनपछि नेपाली जनताले साँच्चिकै अनुभूत गर्ने गरी काम गर्न नसकेको भन्ने आभास नेताहरूलाई पनि परेको छ । त्यसैले विगत ३५ वर्षदेखि विभिन्न समयमा शासन सत्ता सम्हालेका राजनीतिक दलका नेताहरूकै आज पनि शासन सत्तामा हालीमुहाली चलेको मानिसहरूलाई मनपरेको छैन भन्ने पनि नेताहरूलाई थाहा छ । राजनीतिक नेतृत्व किन अलोकप्रिय भए त ?

मन्थन सुरू गरौं नेपालको वर्तमानको राजनीतिक र सामाजिक परिदृश्यबाट ।

हाल सामाजिक सञ्जाल र सडक आन्दोलनमा आक्रोश व्यक्त गर्नेहरू अधिकांश युवा छन् । यो युवा समूह किन राजनीतिक नेतृत्वसँग यति विकर्षित छ त ? यो विषय बुझ्न पुस्तान्तरको गहिराइ बुझ्न जरूरी हुन्छ । अन्य मुलुकमा जस्तै नेपालमा पनि राजनीतिक र सामाजिक दृष्टिकोणबाट पुस्तान्तरको विषय पेचिलो बन्दै गएको छ । यो पुस्तान्तरको असर हाम्रो समाजमा गहिरोसँग देखिन थालेको छ ।

अहिलेको पुस्ता पढे-लेखेको छ, इन्टर नेटको सञ्जालसँगै जन्मिएको हो । ऊ अर्को पुस्ताको इन्टरनेटको कुरा गर्छ, एआई (आर्टिफिसियल इन्टेलिजेन्स) सँग अभ्यस्त हुन खोज्दैछ, विश्व सञ्जालसँग जोडिएको छ, संसार भरिका घटना, प्रगतिबारे जानकार छ ।

क्रमशः पृष्ठ-३....

रोकिएन विमानस्थलबाटै श्रृंखलाबद्ध सुन तस्करी

काठमाडौं/फ्लाई दुबईको उडान नं. एफजेड-५७३ मार्फत शनिबार राति ११:४० बजे काठमाडौं उत्रिएका इजिप्टका नागरिक सरिफ मोहम्मद लासिमले अध्यागमन र भन्सार जाँच सहजै पार गरे ।

ज्याकेटभित्र साढे ६ किलो सुनका बिस्कुट आकारको प्याकेट बोकेका उनी विमानस्थलको 'वाक थ्रु' छिर्दा त्यसले कुनै संकेत दिएन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा प्रहरी कार्यालयका प्रमुख डीआईजी अर्जुन चन्द भन्छन्, 'उनी पार हुन लागिसकेका थिए ।' तर त्रिभुवन विमानस्थल सुरक्षामा खटिएका प्रहरीका अधिकृतहरुलाई उनको लुगा लगाइ र हिँडाइ शंकास्पद लाग्यो । उनलाई नियन्त्रणमा लिएर सोधपुछ गरे ।

अधिकृतहरुका अनुसार, सामान्य सोधपुछमै मोहम्मद अलमलिए जस्तो देखिए । भाषा पनि बुझ्न सकिने खालको थिएन । प्रहरीका अनुसार, खनतलासी लिँदा ज्याकेटमा केही भएजस्तो देखियो । 'खोलेर हेर्दा त्यहाँ अर्ध ठोस प्रकृतिका सुनका डल्ला थिए', डीआईजी चन्दले भने ।

यसरी सुन बोकेर विमानस्थलको सुरक्षा जाँच पार गरेर व्यक्ति बाहिरिएको यो पटक होइन । ८ पुस २०७९ मा सुडानी नागरिक २७ वर्षीय मोहमद अहमद डाफल्ला सराफिल्दनले तस्करी गर्न खोजेको १९ किलो सुन पनि 'वाक थ्रु' गेटमा डिटेक्ट भएको थिएन ।

त्यसबेला भन्सार जाँचमा खटिएका एक कर्मचारीका अनुसार फ्लाई दुबईबाट आएका उनी 'वाक थ्रु' गेटमा अल्मलिए । गेट नजिकै रोकिइरहेपछि भन्सारका कर्मचारीहरुले उनलाई अगाडि बोलाए, डाफल्ला अझै गेटतिर आएनन् ।

बस लाइनमा पछाडि भएका अरुलाई अगाडि जान भने । 'त्यसपछि भाषा नबुझेर नआएको हो कि भन्ने भयो, इसारा गरेर बोलायौं र बाट थ्रुबाट हिड्यौं' भन्सार जाँचमा खटिएका ती कर्मचारी भन्छन्, 'वाक थ्रुबाट हिँडाउँदा बजेन । तर जाँच गर्दा शरीरमा १० वटा सुन जस्तो देखिने वस्तु भेटियो ।' उनले बोकेको अर्धठोस सामान जाँच्दा १९ किलो सुन रहेको पुष्टि भएको थियो ।

भन्सारका कर्मचारीहरुका अनुसार, १८ माघ २०७९ मा समातिएको ९ किलो १३५ ग्राम सुन पनि सुरक्षा जाँच पार गरेर कट्न

लागिसकेको थियो ।

प्लास्टिकमा प्याक गरेर शरीरमा सुन राखेर आएका मोहम्मद कमाल माहगौबको गतिविधि शंकास्पद लागेपछि भन्सार अधिकृतहरुले जाँच गर्दा सुन फेला परेको थियो । 'केही अपवादबाहेक एयरपोर्ट सुन समातिने कुरा भगवान भरोसा नै हो, विमानस्थलको संरचना सहजै सुन पास हुने खालको छ', भन्सारका एक कर्मचारी भन्छन् ।

नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) राजेन्द्रसिंह भण्डारी पनि उनको तर्कसँग सहमत छन् ।

'सुन तस्करी राज्यकै अंग बनिसकेको पछिल्लो घटनाक्रमहरुले देखाउँछ, राज्य संयन्त्रका संरचना नै तस्करीलाई प्रोत्साहन गर्ने छ', भण्डारीले भने, 'बेलाबेला ढोक्सा थापेका बेला मात्र सुन समातिने हो ।'

भन्सार कार्यालयले बिहीबार मध्यरातिं १४ किलो सुन बरामद गरेको घटनामा पनि विमानस्थल भित्र हुनसक्ने साँठगाँठमाथि अनुसन्धान हुनुपर्ने देखाउँछ । किनकी सुन लिएर दुबईबाट आएका गोरखाका चन्द्र घलेले अनुसन्धान अधिकृतहरुसँग आफूलें सुन शौचालयमा रहेको डस्टबिनमा राख्ने जिम्मा मात्रै पाएको बताएका छन् ।

त्यसपछि फोहोरको रुपमा सुन बाहिर निकालने योजना बनाएको देखिन्छ, तर यसरी सुन बाहिर निकाल्ने जिम्मा कसले पाएको थियो भन्ने हालसम्म खुलेको छैन ।

भन्सारका अधिकारीहरुले सुराकी पाएपछि चन्द्र विमान भित्रैबाट पकाउ परेका थिए भने प्रहरीको सहयोग लिएर उनलाई सुन ल्याउन लगाउने मीनबहादुर घलेलाई पनि पकाउ गरेको थियो ।

अनुसन्धान अधिकृतहरुका अनुसार चन्द्र घले सन् २०२३ मा मात्रै पाँच पटक दुबई पुगेर फर्किएको भेटिएको छ, जसले यो गिरोहले पहिल्यैदेखि सुन ल्याइरहेको हुनसक्ने संकेत गरेको छ ।

सरकारले २०७४ सालमा गठन गरेको उच्चस्तरीय सुन समितिका सदस्य बसन्त लामा विगतमा सुराकीवापत पाउने रकम घटेकाले अपवादमा मात्रै सुराकीका आधारमा सुन समातिने गरेको बताउँछन् ।

सरकारले भन्सार नियमावलीमा संशोधन गरेर 'सुन, चाँदी वा जवाहरतसम्बन्धी मुद्दामा सुराकी दिनेलाई पुरस्कार दिँदा बिक्री रकमको १० प्रतिशत वा १० लाख रुपैयाँ जुन कम हुन्छ, त्यो दिने' प्रावधान राखेको थियो ।

पूर्वएआईजी समेत रहेका लामाका अनुसार, यो व्यवस्थाले जोखिमको तुलनामा एकदम थोरै र कम पाउने हुँदा सुराकी आउन छाडेको थियो । तर पछिल्लो आर्थिक वर्षदेखि सरकारले भन्सार नियमावलीलाई चौथो संशोधन गरेर 'वा १० लाख रुपैयाँ जुन कम हुन्छ' भन्ने वाक्य हटाएको थियो । यसपछि सुनमा सुराकी दिने व्यक्तिले बिक्री मूल्यको १० प्रतिशत पाउने ग्यारेन्टी भएको र सुराकी आउने क्रम बढेको प्रहरी अधिकृतहरु बताउँछन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सोमेन्द्रसिंह राठौर बजारको माग र वैधानिक रुपमा हुने आपूर्तिबीच ठूलो अन्तर रहँदासम्म सुन तस्करी नरोकिने बताउँछन् ।

'अझ नेपाल हुँदै तस्करी हुने ठूलो परिमाणको सुनको गन्तव्य भारत भएकाले त्यहाँको नीतिले पनि यहाँ हुने तस्करीलाई फरक पार्छ', एसएसपी राठौरले सँग भने, 'यद्यपि, हिजोआज सुराकीको रकममा आएको परिवर्तनसहित विभिन्न कारण सुन सम्बन्धी सूचना आउने क्रम बढेका छन् ।'

उपत्यका अपराध अनुसन्धान कार्यालयले पनि शुक्रबार नागढुंगाबाट २ किलो सुन बरामद गरेको थियो । एसएसपी राठौरका अनुसार, सुराकीका आधारमा स्कर्पियोभित्र लुकाएर ल्याउँदै गरेको सुनसहित ३ जनालाई पकाउ गरिएको थियो । कार्यालयले २० मंसिरमा न्यूरोडको सुन पसलमा छापा मारेर भण्डै ८ किलो सुन समेत बरामद गरेको थियो । प्रहरीका अनुसार, ओमपाल गोल्ड शपका सञ्चालक पदमप्रसाद पाण्डेले स्रोत खुल्ने एक किलो सुन आफूसँग हुँदा थप १० किलो अवैध सुन बिक्री गर्ने गरेको खुलेको छ ।

'प्यानमा दर्ता गरेर चलाएको पसलमा उनले एक किलो सुनको बिल देखाएर थप १० किलो तस्करीको बिक्री गर्ने गरेको सूचना पाएपछि छापा मारेको थियौं', एसएसपी राठौर भन्छन्, 'त्यसक्रममा ७ किलो ८ सय ग्राम सुन बरामद गऱ्यौ ।' यससँगै काठमाडौं उपत्यकामा पछिल्लो पाँच दिनमा मात्रै २०.३ किलो सुन बरामद भएको छ ।

छानबिनमाथि छानबिन, तर रोकिएन तस्करी

२ सातुनमा राजश्व अनुसन्धान विभागले ब्रेक शुमा लगाएर ल्याएको ६० किलो सुन बरामद गरेको थियो । विषुतीय सिगरेट (भेप) मा लुकाएर भएको भनिएको ९ किलो सुनका साथै यसमा राजनीतिक संलग्नता आशंका भएपछि उच्चस्तरीय छानबिन गर्ने सहमति भयो ।

आयोग बन्दा नबन्दै दोलखाको लामा बगर क्षेत्रमा ११ किलो सुन बरामद भयो । अभियोग दायर गर्ने क्रममा प्रहरीले सोही समूहले ३३ किलो तस्करी गरिसकेको निष्कर्षसहित प्रतिवेदन बुझाएको थियो । उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा बनेको उच्चस्तरीय आयोगले आरोपीहरुसँग बयान लिइरहेको छ । तर विमानस्थलबाटै हुने सुनको तस्करी रोकिएको छैन ।

२०७४ सालमा पनि तस्करीको ३३ किलो सुन हराएपछि भरिया सनम शाक्य मारिँदा सुन प्रकरण चर्चामा आएको थियो । त्यसबेला सरकारले सहसचिव ईश्वराज पौडेलको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति बनाएको थियो ।

समितिले विमानस्थल सुरक्षामा गम्भीर प्रश्न औंल्याउँदै प्रतिवेदन दिएपनि त्यसलाई सरकारले न सार्वजनिक गऱ्यो न त सुझावहरु नै कार्यान्वयनमा लग्यो । अहिले फेरि अर्को आयोगले सुनबारे छानबिन गरिरहेका बेला दिनहुँजसो सुन बरामद भइरहेका छन् ।

अन्तर्राष्ट्रिय विमानस्थल र उत्तरी नाकाको स्थलगत निरीक्षण गरेर फर्किएका आयोगका अध्यक्ष डिल्लीराम आचार्य भन्छन्, 'विमानस्थलको सुन तस्करी प्रकरणले त्यहाँभित्रका केही कमजोरी उजागर गरेको छ, त्यसलाई निमिट्यान्न पार्न गम्भीर भएर काम गर्नुपर्ने देखिन्छ ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'वाक थ्रु'ले सुन कटेको थाहा नपाउने मात्रै होइन, विमानस्थल प्रवेश र बहिर्गमनका लागि धेरै बिन्दुहरु हुँदा पनि तस्करीको सुन सहजै कटिरहेको आचार्यको निष्कर्ष छ ।

'अहिले जसरी शौचालयमा राखेर बाहिर ल्याउने भन्ने बयान आएको छ, त्यो सुन तस्करीको पुरानो शैली हो, यसमा विमानस्थलभित्र कुनै समूह वा कर्मचारीको संलग्नता अनुसन्धानको विषय बन्नुपर्ने देखिन्छ', उनले थपे, 'पछिल्ला सुन प्रकरणहरुले हाम्रो राज्य संयन्त्रको पुरानो पद्धति र संरचनामा आमूल परिवर्तन नल्याएसम्म तस्करी रही रहन्छ, शैली मात्र बदलिइरहन्छ भन्ने सन्देश दिएको छ ।'

(स्रोत:अनलाइनखबर)

निको भएपछि 'महाजात्रा'को छायांकनमा जोडिए प्रकाश घिमिरे

काठमाडौं/गत कात्तिक १० गते घाँस काट्ने क्रममा भीरबाट लडेर गम्भीर घाइते भएका अभिनेता प्रकाश घिमिरे करिब डेढ महिनापछि फिल्म 'महाजात्रा'बाट छायांकनमा फर्किएका छन् । उनले शनिबारबाट बुद्धानिलकण्ठस्थित मह स्टुडियोमा फिल्मको छायांकन सुरु गरेका हुन् । उनलाई डाक्टरले अझै केही समय 'बेड रेस्ट' गर्न भनेका थिए । तर, उनी आफैंले फिल्ममा काम गर्ने इच्छा देखाएका हुन् ।

'जात्रा' श्रृंखलामा उनले अभिनेता विपिन कार्कीको ससुराको भूमिका निर्वाह गर्दै आएका छन् । उनको छोरीको भूमिकामा अभिनेत्री वर्षा राउत छिन् । फिल्म छायांकनकै क्रममा उनी घाइते भएपछि निर्माण टिमले उनको स्वास्थ्य लाभको कामना गर्दै बौद्ध तान्त्रिक विधिअनुसार पूजा पनि गराएको थियो । उनको भागको दृश्यलाई थाती राख्दै बाँकी छायांकन भने एक महिनादेखि भैरहेको थियो ।

अहिले निर्देशक प्रदीप भट्टराईले घिमिरे र हरिवंश आचार्यको एकसाथ छायांकन गरिरहेका छन् । यसपछि प्रकाश ओखलढुंगाको रुम्जाटारमा फिल्म 'डिग्री माइला'को छायांकनमा व्यस्त हुनेछन् । उनको पाइपलाइनमा अरु पनि फिल्म छन् । सहायक चरित्रमा उनको उच्च माग छ । अस्पतालमा उपचारार्थ रहँदा उनी अभिनीत फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' हलमा प्रदर्शनरत थियो ।

'महाजात्रा'को कुरा गर्दा यो फिल्म आगामी चैत ९ गतेबाट प्रदर्शनमा आउँदैछ । भट्टराई स्वयंको लेखन रहेको फिल्ममा रविन्द्र झा, रविन्द्र सिंह बानियाँ, फिल्ममा शिशिर बाड्देल, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव पन्त, सुमन कार्की, गौमाया गुरुङ लगायतको पनि अभिनय छ । काठमाडौंपछि जनकपुरमा छायांकन हुने फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गरिरहेका छन् ।

दिनेशका कारण सम्भव भएको तीन स्टारको सहकार्य

काठमाडौं/केही समयअघि अभिनेत्री रेखा थापाले एक कार्यक्रममा भनेकी थिइन्, 'अहिलेका हिरोहरु आफैं-आफैं झगडा गरेर मिस भइरहेका छन् ।' उनको अभिव्यक्तिमा धेरै हदसम्म सत्यता छ । अभिनेता अनमोल केसी फिल्म 'रावायण' प्रकरणमा पकाउ परेपछि उनका प्रतिस्पर्धी मानिएका प्रदीप खड्काले सामाजिक सञ्जाल फेसबुकमा गरेको अस्वभाविक हिसाबको कटाक्षले पनि यसको पुष्टि गर्छ ।

युवापुस्तामा राम्रो क्रेज भएका 'स्टार नायक'हरु आ-आफैं भिडिरहँदा दयाहाङ राई, विपिन कार्की, सौगात मल्लजस्ता अभिनेताहरु एकजुट भएर अघि बढिरहेका छन् । र, सफलता पनि उनीहरुलाई नै मिलिरहेको अवस्था छ । फुट्नुभन्दा जुट्नुमै भलो देखेपछि अहिलेका तीन 'स्टार नायक'हरुबीच फिल्ममा सहकार्य भएको छ । त्यो हो, निर्देशक दिनेश राउतको नयाँ फिल्म 'पूजार सार्की' ।

फिल्ममा आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह पहिलो पटक एकसाथ देखिँदैछन् । यो टिमअपलाई आफैंमा अर्थपूर्ण मानिएको छ । र, निर्देशक राउतका कारण यो सम्भव भएको हो । उनको ठाउँमा अरु कुनै निर्देशकले उनीहरुलाई एकसाथ लिने प्रयास गरेका हुन्थे भने सम्भवतः सम्भव नहुन सक्थ्यो । निर्देशक राउत प्रतिको विश्वासमा उनीहरु एकसाथ काम गर्न मञ्जुर भएका हुन् ।

आर्यनको करिअरका लागि त दिनेश राउत जीवनदाता मानिन्छन् । त्यसो त उनीहरु संघर्षकालिन समयदेखिका साथी हुन् । 'आई एम सरी', 'नोभेम्बर रेन' र 'क्लासिक' फिल्ममा उनीहरुबीच सहकार्य भएको थियो । यी तीनवटै फिल्म आर्यनको करिअरका लागि विशेष मानिन्छन् । अहिले उनको करिअर डगमगाएको छ । यो अवस्थामा दिनेशसँगको सहकार्य उनका लागि सुखद् हुन सक्छ ।

प्रदीपलाई त डाँडाकाँडामा नाच्ने हिरोबाट असली कलाकार बनाएका निर्देशक हुन्, दिनेश । फिल्म 'प्रकाश'ले प्रदीपको करिअरमा नै प्रकाश छरेको छ । यो फिल्मपछि उनी निर्देशक राउतको नामकै भरमा पनि स्क्रिप्ट नपढि सम्झौता गर्न तयार हुने बताइन्छ । र, दिनेशले पनि 'प्रकाश'पछि प्रदीपलाई काखी च्यापेर हिँडिरहेको अवस्था छ । उनीहरुको सहकार्य लामो समयसम्म जाने देखिन्छ ।

पललाई पनि निर्देशक राउतसँग काम गर्ने इच्छा पहिल्यदेखिकै हो । जेलबाट रिहा हुनसाथ उनी आफैले आफ्नो फिल्म निर्देशनको अफर दिनेशलाई राखेका थिए । तर, त्यो फिल्म बन्न सकेन । अन्ततः 'पूजार सार्की'मा उनीहरुको सहकार्य जुरेको छ । पललाई यो फिल्मले नयाँ पहिचान दिने विश्लेषण गरिएको छ । दर्शकलाई पनि आर्यन, प्रदीप र पललाई एकसाथ पर्दामा हेर्न रोचक हुनेछ ।

यी तीन स्टारलाई लिएर फिल्म बनाउनु निर्देशक राउतका लागि कम चुनौतीपूर्ण छैन । विषयगत रुपमा अब्बलतासँगै उनीहरुलाई समान रुपमा प्रस्तुत गर्नैपर्ने दबाब निर्देशक राउतमाथि रहन्छ । अब यसलाई उनले कसरी 'ब्यालेन्स' गर्नेछन्, त्यो महत्त्वपूर्ण हो । 'प्रसाद' र 'प्रकाश'पछि उनको निर्देशकीय कद जति अग्लो बनेको छ, त्यसले उनलाई न कमजोर हुन न त गल्ती गर्न छुट दिन्छ ।

लोकतन्त्र धरापमा....

यता हाम्रो हालको राजनीतिक नेतृत्व यो विश्वव्यापी रूपमा फैलिरहेको इन्टरनेटको सञ्जाल र यसले ल्याएको सामाजिक, साँस्कृतिक र राजनीतिक उथलपुथलसँग झस्किएको छ । यसका आयाम र चुनौती बुझ्नको सट्टा सामाजिक सञ्जालले नयाँ पुस्तालाई अनुशासनहीन र अराजक बनायो भनेर गुनासो गरेर बसेको छ ।

अधिकांश ७० वर्ष उमेर काटिसकेका हाम्रा नेताहरू अक्सर विगतको कुरा गर्छन् । इतिहासमा उनीहरूले गरेको त्यागको कुरा गर्छन् । आजको युवालाई इतिहासभन्दा पनि वर्तमानको परिणाम चाहिएको छ । भविष्यको आशा चाहिएको छ ।

कुनै समय यस्तो थियो, दुरदराजमा बस्ने एउटा किसान एक अमुक नेताको भाषण सुन्न घन्टौं पैदल हिँडेर आउँथ्यो र दिनभरि भाषण सुनेर साँझ घर फर्किन्थ्यो । नेताको समीपमा जान ऊ सधैं लालायित हुन्थ्यो र नेतालाई आममानिस भन्दा बढी ज्ञानी, विद्वान र असल ठान्थ्यो ।

आज हेरौं त? नयाँ पुस्ताले आफ्नो आदर्शका रूपमा नयाँ अनुहार छानेको छ । काठमाडौंका मेयर बालेन शाहले केही समयअघि आफ्नी श्रीमती चढेको सरकारी गाडी सडकमा सार्वजनिक चेकिङमा परेपछि आक्रोशित हुँदै सिहंदरबार जलाउने चेतावनी दिए । त्यो अभिव्यक्ति गैरजिम्मेवारीको पराकाष्ठा थियो । त्यसको आलोचना गर्नुको साटो हजारौं युवाले उनले भनेको सही हो भनेर त्यसको बचाउ गरे । त्यो मेयरप्रतिको समर्थन कति थियो मलाई थाहा छैन, तर त्यो राजनीतिक दल र नेताहरूप्रतिको वितृष्णा भने पक्कै थियो ।

पछिल्लो जनगणना अनुसार करिब तीन करोड जनसंख्यामा, १६ देखि २५ वर्षको उमेर समूहको युवा जनसंख्या करिब ७० लाख (२०.८ प्रतिशत) छ । १६ देखि ४० वर्षको उमेर समूहको करिब १ करोड २० लाख (४०.६८ प्रतिशत) छ ।

२०४० सालपछि जन्मेको अधिकांश यो पुस्तालाई पञ्चायत कालको संघर्ष र २०४६ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलनमा हाम्रा नेताको भूमिकाबारे थाहा छैन । २०५२ सालमा सुरू भएको माओवादी सशस्त्र द्वन्द्वबारे पनि कमै मात्रलाई जानकारी छक्

तर यो पुस्ताले वर्तमानको महँगी देखेको छ । बेरोजगारी देखेको छ । अस्तव्यस्तता देखेको छ । सरकारी सेवाग्राही कार्यालयहरूमा दैनिक हुने भ्रष्टाचार र ठूला नीतिगत भ्रष्टाचार देखेको छ । स्वदेशमा रोजगारीको चरम अभाव देखेको छ । यो पुस्ताका कतिपय सदस्य आफैं छोराछोरी, श्रीमती र बुढा भएका बाबुआमा छाडेर विदेश गएका छन् । आफ्ना परिवारका सदस्यले उपचारका लागि भोगेको सास्ती बेहोरेको छ । अनि नेताहरू जनताले तिरेको करबाट विदेशमा महँगो उपचार गर्न गएको देखेको छ । यी सबै कुराले ऊ राज्य र राज्य चलाउनेप्रति आक्रोशित छ । ऊ विद्रोही बनेको छ ।

हार्वर्ड विश्वविद्यालयका प्रोफेसरद्वय स्टिभन लेभिट्स्की र ड्यानियल जिब्लाट्ले सन् २०१८ मा 'हाउ डेमोक्रेसिज डाइ' भन्ने किताबमा 'आधुनिक युगमा अब कुनै मूर्ख सैनिकभन्दा एक निर्वाचित प्रजातान्त्रिक नेताबाट प्रजातन्त्र खतरामा छ किनकि प्रजातान्त्रिक नेताले प्रजातान्त्रिक तरिकाले प्रजातन्त्रलाई मार्छ' भनेका छन् ।

शीतयुद्ध पश्चात् प्रजातान्त्रिक चुनाव जितेर कसरी जर्जिया, हंगेरी, निकारागुवा, पेरू, फिलिपिन्स, टर्की जस्ता प्रजातान्त्रिक मुलुकहरू प्रजातान्त्रिक नेतृत्वबाटै अधिनायकवादतिर गए भन्ने विश्लेषण गर्दै प्रोफेसर द्वय भन्छन्, 'प्रजातान्त्रिक नेतालाई आफू जनताबाट अलोकप्रिय हुन थालेको महसुस भएपछि असुरक्षाको अनुभूतिले निरंकुशताको बाटो लिन्छ ।' उनीहरूले सन् १९९८ मा प्रजातान्त्रिक चुनाव जितेका भेनेजुएलाका राष्ट्रपति ह्युगो चाबेज कसरी सन् २००६ मा आफू जनताभाझ अलोकप्रिय रहेछु भन्ने थाहा पाएर निरंकुश बन्न थाले भनेर चर्चा गरेका छन् ।

हाम्रोमा प्रजातन्त्र पुनर्स्थापना पश्चात् निष्पक्ष रहनुपर्ने न्यायालय, भ्रष्टाचार/अख्तियार द्रूपयोगको छानबिन गर्ने निकायहरू, कैयौं संस्थाहरू राजनीतिक दलहरूबीच भागबन्डा भए । आमनागरिकलाई सेवा प्रदान गर्ने सरकारी निकायहरू निकम्मा र भ्रष्ट भए । पढे-लेखेका हजारौं युवा पुस्ता स्वदेशमा भविष्य नदेखेर मुलुक छाडेर परदेश लागे । राजनीतिक नेतृत्वमा रहेकाहरू यी सबै विसंगतिमा जानेर वा नजानेर मतियार बने । अनि किन जनता राजनीतिक नेतृत्व प्रति आक्रोशित नहोऊन् ?

जनाधार र लोकप्रियता डरलाग्दो ढंगले खस्किँदै गरेका हाम्रा प्रजातान्त्रिक नेताहरूले बेलैमा यस्ता संकेत बुझ्नु जरूरी छ । अब उनीहरूले आफ्ना दलका सक्षम पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न किञ्चित ढिलो गर्नु हुँदैन । अनि नयाँ पुस्ताले मुलुकको आर्थिक समृद्धिको खाका तयार गरी जनताको घरदैलोमा पुगेर यो व्यवस्था र प्रक्रियाप्रति उनीहरूलाई आश्वस्त बनाउन जरूरी छ ।

(साभार: सेतोपाटी)

प्याज लुकाएर मनपरी मूल्य

काठमाडौं/व्यवसायीहरुको नियोजित हड्ताल र भारतको प्रतिबन्धका कारण बजारमा प्याजको हाहाकार भएको छ । भारतले शनिबारबाट लागू हुनेगरी प्याजको निर्यातमा रोक लगाएको छ । तर त्यसअघि नै मंसिर १९ गतेदेखि नेपालमा प्याजको कारोबार गर्ने व्यापारीहरुले प्याजको कारोबार ठप्प बनाएका थिए ।

व्यापारीहरुको प्याज बिक्री हड्तालकै बीच भारतले निर्यातमा प्रतिबन्ध लगाएपछि बजारमा अहिले प्याजको कालोबजारी सुरु भएको छ । आयातकर्ताहरुले सीमित पसलमा मात्रै उपलब्ध गराएको प्याजको मूल्य किलोमा ६० रुपैयाँसम्म बढेको उपभोक्ताहरुले गुनासो गरेका छन् ।

मंसिर १८ गते कालीमाटी तरकारी बजारमा प्याजको प्रतिकिलो थोक मूल्य ९७ रुपैयाँ थियो । तर १९ गतेबाट व्यापारीले आलु र प्याजको सरकारी अभिलेखमा हुने कारोबार नै रोकिदिए । त्यसलगत्तै बढ्न थालेको प्याजको मूल्य अहिले मनपरी तोकिएको छ । छिटफुट रुपमा उपलब्ध भएको प्याजको मूल्य १७० रुपैयाँसम्म प्रतिकिलो मूल्य तिरेको उपभोक्ताहरुको गुनासो छ ।

कालीमाटी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठका अनुसार बजारमा शनिबार बेलुकी जम्मा एक गाडी हाराहारी प्याज आएको थियो । त्यो एकैदिनमा हारालुछ भएको समितिले जनाएको छ ।

यता प्याज व्यापारीहरुको संस्था नेपाल कृषि उपज आलु प्याज आयात निर्यात तथा थोक बिक्रेता संघले पनि शनिबार बेलुकी जम्मा एक गाडी प्याज आएको र त्यसको बिक्री सकिएको जनाएको छ । संघका महासचिव प्रकाश गजुरेलले बजारमा प्याज नभएको बताए ।

'यसपटक हड्ताल गरेर बर्बाद गरियो,' उनले भने, 'हड्तालका कारण आयात गर्न पनि पाइएन यही बेला भारतले प्रतिबन्ध गरि दियो ।' आफूहरुले चाहेर पनि बजारमा प्याज आयात गर्न नसकेको भन्दै उनले बजारमा प्याजको मौज्दात पनि नरहेको दाबी गरे । संघका अनुसार शनिबार राति आएको प्याज प्रतिकिलो १४० रुपैयाँ माथिका खरिद बिक्री गरिएको थियो ।

व्यापारीहरुले बजारमा प्याज नभएको बताइरहँदा भन्सारले भने त्यसको खण्डन गरेको छ । काठमाडौंमा व्यापारीहरुको १९ मंसिरदेखि आलु र प्याजको आयात र कारोबारमा हड्ताल गरेको भनी दाबी गरिरहँदा नेपालका प्रमुख भन्सार बिन्दुहरुबाट भने प्याजको आयात निर्बाध भइरहेको भन्सार कार्यालयहरुले जनाएका छन् ।

नेपालमा धेरै मात्रामा प्याज भित्रिने पूर्वको काँकडभिट्टा र रानी भन्सार विराटनगरबाट शनिबार बेलुकीसम्म प्याज आयात भएको छ । विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक ज्ञानेन्द्रराज ढकाल र मेची भन्सार काँकडभिट्टाका प्रमुख रामप्रसाद रेग्मीले व्यावसायीले हड्ताल गरेको भनेको समयमा निर्वाध प्याज नेपाल भित्रिएको बताए । ढकालका अनुसार विराटनगरबाट २३ मंसिर सम्म ३५३ मेट्रिक टन प्यान भित्रिएको छ ।

यता प्याजको आयात हुने अर्को प्रमुख नाका भैरहवाले पनि नेपालमा शनिबारसम्म प्याज आयात भएको जनाएको छ । भैर हवा भन्सारका प्रमुख नारद गौतमले मंसिर १ देखि २३ गतेसम्म ३ हजार ६५२ मेट्रिक टन प्याज नेपाल भित्रिएको छ । जसमध्ये २०३ मेट्रिक टन प्याज २० गतेयताको तीन दिनमा भित्रिएको छ । *(स्रोत:अनलाइनखबर)*

'फर्की फर्की' सेटमा अनमोल र दीपक मनाङे आमने-सामने

काठमाडौं/अभिनेता अनमोल केसी विगत दुई सातादेखि पोखरामा फिल्म 'फर्की फर्की'को छायांकन गरिरहेका छन् । फिल्ममा उनको जोडी अभिनेत्री जसिता गुरुङसँग बाँधिएको छ भने सुयोग गुरुङले निर्देशन गरिरहेका छन् । शनिबार छायांकनकै क्रममा एउटा रोचक भेटघाट भएको छ । अनमोल र गण्डकी प्रदेशका सांसद् तथा पूर्वमन्त्री राजीव गुरुङ (दीपक मनाङे) आमने-सामने भएका हुन् ।

फिल्मका प्रडक्सन म्यानेजर शंकर पाण्डेले आफ्नो फेसबुकमा सेअर गरेको तस्वीर तथा भिडियोमा अनमोल र दीपकबीच र माइलो कुराकानी भैरहेको देखिन्छ । उनीहरुबीच फिल्मकै विषयमा कुराकानी भएको जनाइएको छ । भेटको क्रममा दुवैले एकअर्काप्रति हार्दिकता दर्शाएका थिए । यो उनीहरुको पहिलो भेटघाट थियो । यद्यपि, दुवै एकअर्काको नाम र कामप्रति राम्रैसँग अवगत थिए ।

दीपक राजनीतिसँगै लामो समयदेखि फिल्म निर्माणमा पनि सक्रिय छन् । उनी चाँडै फिल्म 'कङ्गारु' बनाउँदैछन् । फिल्मका लागि मुख्य अभिनेताको खोजी भैरहेको समयमा दीपकको अनमोलसँगको भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ । यद्यपि, उनीहरुबीच 'कङ्गारु'को विषयमा कुराकानी भएको थिएन । फेरि मन्त्री हुने दौडधुपमा रहेका मनाङे कुनै बेला गुन्डा नाइकेका रुपमा चिनिन्थे ।

अनमोल 'फर्की फर्की' रिलिजभन्दा अघि नयाँ फिल्ममा काम गर्ने मनस्थितिमा छैनन् । अघिल्लो वर्ष 'छड्के २' डिजास्टर भएकाले यो फिल्म उनको करिअरका लागि महत्त्वपूर्ण मानिएको छ । यसपटक उनलाई बक्स अफिसको ठूलो दबाब छ । सम्भवतः अर्को वर्ष उनले होम प्रोडक्सनको तीन फिल्ममध्ये एउटामा काम गर्ने सम्भावना छ । 'फर्की फर्की' आगामी जेठ ११ गते प्रदर्शन हुँदैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

खेलकुद महोत्सवको तयारी तीव्र, पूर्वअध्यक्षहरुको साथ

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ जिल्ला खेलकुद विकास समिति मकवानपुरले आयोजना गर्न लागेको खेलकुद महोत्सवको तयारी तीव्र बनाइएको छ । खेलक्षेत्रको विकासमा टेवा पुग्ने भएकाले जिल्ला खेलकुदका पूर्वअध्यक्षहरुले महोत्सव सफलताको शुभकामना व्यक्त गरेका छन् ।

खेलक्षेत्रको विकासका लागि कोष निर्माण गर्ने उदेश्यसहित हेटौंडाको टिसिएनचौरमा पुस ५ गतेबाट खेलकुद तथा व्यापार महोत्सव हुँदैछ । महोत्सवमा खेलकुदसंग सम्बन्धित विभिन्न १३ वटा विधामा प्रतिस्पर्धा हुनेछ । आयोजकले महोत्सवको तयारीलाई तीव्र पारेको जनाएको छ । खेल र खेलाडीको हकहितमा काम गर्ने उदेश्यले आयोजना गर्न लागिएको महोत्सव सफल पार्न सबैले सहयोग गर्नुपर्ने पूर्वअध्यक्षहरुले बताएका छन् । जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गीले सामान्य चोटपटक लाग्दा उपचार गर्न नसक्ने अवस्था खेलाडीको रहेको जानकारी दिँदै उनीहरुको लागि काम गर्ने उदेश्यले महोत्सव गर्न लागिएको जानकारी दिए ।

'पैसाको अभावमा खेल्न जान सकिएन, उपचार गर्न सकिएन भन्दै खेलाडीहरु चिठ्ठी बोकेर आउने गरेका छन् । हामीले सिफारिस

बनाइदिने र टुलुटुलु हेरेर बस्ने बाहेक केही गर्न सकेका छैनौं ।', अध्यक्ष खड्गी भन्छन्, 'महोत्सवबाट बचेको रकम खेलाडीको बीमा, उनीहरुको उपचार र खेलकुदकै लागि प्रयोग गरिनेछ ।',

खेलकुद विकास समितिका पूर्वअध्यक्ष प्रभात दाहालले महोत्सवको उद्देश्य क्लियर भएकोले सबैले सहयोग गर्नु जरुरी रहेको बताए । 'वर्तमान कार्यसमितिले राम्रो सोचाईका साथ महोत्सव आयोजना गर्न लागेको छ । यसमा हामी पूर्वअध्यक्षहरुको साथ, सहयोग रहनेछ ।', दाहालले भने, 'सबैबाट सहयोगको अपेक्षा गर्दछौं ।'

महोत्सवको प्रचारप्रसार, महोत्सव स्थलको सरसफाई, सामान ल्याउने लगायतका काम तीव्र भइरहेको छ । यस्तै खेलकुद विकास समितिका पूर्वअध्यक्ष बालकृष्ण चौलागाईले यो खेलकुद महोत्सव भएकोले कसैले विरोध गर्नु आवश्यक नरहेको बताए । 'खेलकुदसँग सम्बन्धित संस्थाले खेलमहोत्सव आयोजना गर्न लागेको हो ।', चौलागाईले भने, 'यसले पक्कै जिल्लाको खेल क्षेत्रको विकासमा मद्दत पुऱ्याउनेछ ।',

महोत्सवका लागि सबै पूर्वअध्यक्षहरु रहेको सल्लाहकार समिति निर्माण गरिएको छ । औद्योगिक शान्ति नेपाल संस्थासंगको सहकार्यमा हुन लागेको महोत्सवबाट करिब २५ लाख रुपैयाँको कोष निर्माण गर्ने जिल्ला खेलकुद विकास समितिको लक्ष्य रहेको छ । महोत्सवमा दैनिक विभिन्न राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय खेलकुद प्रतियोगितासहित राष्ट्रिय कलाकारको प्रश्तुती, बालउद्यान, लाइभ दोहोरी सहित व्यावसायिक स्टल रहनेछ ।

एकवर्षे एनेस्थेसिया सहायक कोर्ष सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाले एकवर्षे एनेस्थेसिया सहायक कोर्ष प्रशिक्षण कार्यक्रम सुरु गरेको छ । आइतबार एक कार्यक्रमकाबीच कार्यक्रमको सुरुवात गरिएको हो ।

स्वास्थ्य निर्देशनालयका निर्देशक सागरप्रसाद घिमिरेको अध्यक्षता तथा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव दीपकप्रसाद तिवारीको प्रमुख आतिथ्यतामा कार्यक्रमको उद्घाटन गरिएको हो । कार्यक्रमबारे प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.सुरेन्द्र शेरचनले जानकारी गराएका थिए । उनले स्वास्थ्य क्षेत्रमा सर्जिकल सेवा विस्तार गर्न यस कार्यक्रमको सुरुवात गरिएको बताए ।

पछिल्लो समय स्वास्थ्य क्षेत्रको विस्तार जिल्ला हुँदै स्थानीय तहसम्म पुगेकले सर्जिकल डाक्टर तथा प्राविधिकको जनशक्ति अभावले हामीले पहिलोपटक एनेस्थेसिया सहायक कोर्ष सञ्चालन गरेको बताए । केन्द्रमा मात्र सीमित रहेको यस कार्यक्रम अब प्रदेशस्तरमा पनि सञ्चालन हुनुपर्छ र दक्षजनशक्ति उत्पादन गरी सेवा प्रवाहलाई विस्तार र प्रभावकारी बनाउनुपर्ने प्रा.डा शेर चनको भनाइ छ । पहिलो ब्याचमा तीनजना रहेका छन्, पाँच जनाको आवेदन परेकोमा तीनजना छनोट भएको हो, प्रा.डा शेरचनले भने । तालिमपश्चात तीनै जनालाई प्रदेश अन्तरगतको स्वास्थ्य क्षेत्रमा खटाइने जनाइएको छ ।

कार्यक्रममा स्वास्थ्य सचिव तिवारीले कठिनाईको बावजुत पनि एनेस्थेसिया सहायक कोर्ष प्रशिक्षक कार्यक्रम सुरुवात गरिएको बताए । यसलाई दीगो रुपमा काम गर्ने गरी प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तालिमपछि सामूहिक रुपमा काम गर्ने तालिमपश्चात मन्त्रालयले दिने अधिकारलाई मान्दै आफ्नो जिम्मेवारी पुरा गर्न आग्रह गरेका थिए ।

स्वास्थ्य निर्देशक घिमिरेले कार्यक्रमले सर्जिकल उपचार क्षेत्रको विकास गर्न सहजता प्रदान गर्ने बताए । कार्यक्रम आगामी दिनहरुमा पनि निरन्तरता दिनको साथै पहिलो ब्याच हुनुको अवसर र चुनौति दुबै रहेको बताएका छन् । उनले प्रशिक्षार्थीलाई जिम्मेवारी बोध जनाउँदै अध्ययन गर्न आग्रह समेत गरेका थिए ।

यस कोर्षका लागि मकवानपुरका सुरेश मोक्तान, धादिङका मेरी तामाङ र रौतहटका सन्तोषकुमार माझी छनोट भएका छन् । एचए वा नर्सिंड पास गरेकाले यो कोर्ष गर्न पाउने प्रावधान रहेको शिक्षाध्यक्ष डा. शेरचनले बताए । कार्यक्रममा प्रतिष्ठानका डीन डा. दुर्गाकुमारी खड्का, हेटौंडा अस्पतालका निमित्त मेसु डा. रामचन्द्र सापकोटा, प्रतिष्ठान सदस्य उत्सव चौलागाई लगायतको आतिथ्यता रहेको थियो ।

श्रृंखलाको 'ब्याचलरेट' पार्टी

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ पूर्वमिस नेपाल श्रृंखला खतिवडाले प्रेमीसँग बिहीवार लगनगाँठो कस्दैछिन् । अहिले उनको परिवारलाई विवाहको तयारी जुटाउन भ्याइनभ्याइ छ । अर्कोतर्फ, एकसातादेखि नै उनीहरुले धमाधम पार्टी आयोजना गरिरहेका छन् ।

श्रृंखलाले शनिबार बेलुका 'ब्याचलरेट' पार्टीको आयोजना गरिन् जहाँ केही सेलिब्रेटीको उपस्थिति रह्यो । श्रृंखलाको घरमा आयोजना गरिएको पार्टीमा मनोरञ्जन, राजनीति र अन्य क्षेत्रका व्यक्तिको उपस्थिति रहयो । प्रेमी सम्भव सिरोहिया र श्रृंखलालाई पार्टीमा बधाई दिनेको ओइरो नै लाग्यो ।

'हिमालय रोडिज'को होस्ट तथा अभिनेता सुरजसिंह ठकुरी पनि पार्टीमा देखिए । श्रृंखला सेती-गुलाबी रङ मिश्रित लेहेंगामा सजिएकी थिइन् भने सम्भव कालो लङ कोटमा देखिए । सुरजले चर्हिं विन्टर ड्रेसअपको रुपमा ब्ल्याक काउब्वाय ह्याट र लेदरको ज्याकेट पहिरिएका थिए । सो अवसरमा ब्याचलरेट केक काटियो भने स्याम्पेन सेलिब्रेसन समेत गरिएको थियो । यसबाहेक पार्टीमा अघिल्ला चुनावमा चर्चित नाम श्री गुरुङ पनि देखिए ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
हेटौंडा, मकवानपुर
प्रस्ताव आव्हान्सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८०/०८/२५

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आ.व. २०८०/०८१ मा संचालन हुने पशुपन्छी तथा मत्स्यजन्य यन्त्र तथा उपकरण वितरण कार्यक्रममा बढीमा ५०% लागत साझेदारीमा संचालनको लागि इच्छुक आवेदकहरुबाट प्रस्ताव पेश गर्न मिति २०८०।०७।२१ गते प्रथम पटक सूचना प्रकाशन भएकोमा कार्यालयको वार्षिक कार्यक्रम तथा लक्ष्य अनुसार पर्याप्त आवेदनहरु दर्ता नभएको हुँदा दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८०।०९।०९) गतेभित्र यस कार्यलयमा तोकिएको ढाँचामा आवेदन सहित तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन दर्ता गर्नुहुनका लागि दोस्रो पटक यो सूचना आह्वान गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल:
१. रु.१०/- को हुलाक टिकट टाँस गरेको अनुसूची २ बमोजिमको निवेदन ।
२. अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र ।
३. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
४. दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा रजिष्टारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।
६. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
७. संस्थाको हकमा निर्णय प्रतिलिपि ।
८. आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति पासपोर्ट साईजको फोटो ।

नोट: कार्यक्रमको विस्तृत विवरणको लागि ९८५५०२७७३० मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्दन कार्यान्वयन कार्यविधि, २०७९ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाको वेबसाइट https://molmac.bagamati.gov.np वा फेसबुक (veterinary hospital makawanpur) बाट डाउनलोड गर्न सकिने छ ।

टोल विकासको साधारणसभामा विद्यार्थी सम्मानित

साझाकुरा संवाददाता

साधारणसभामा २०७९ सालको एसईई परीक्षामा विशिष्ट श्रेणीमा उत्तीर्ण भएका ९ जना विद्यार्थीलाई सम्मान गरिएको छ । हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा हेटौंडा-३ का वडाअध्यक्ष ढलकबहादुर थापा, टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाका महासचिव शिवहरि दाहाल, उपमहासचिव देवकुमार श्रेष्ठ, सदस्य ठिसाङ लामा तथा हेटौंडा उपमहानगरपालिका समाजकल्याण शाखाकी गोपिनी गौतमको आतिथ्यता रहेको थियो । साधारणसभा टोल विकास संस्थाका अध्यक्ष रोशन गोलेको सभाध्यक्षता भएको हो ।

बालउज्ज्वल माविमा 'बुक होलीडे'

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ हेटौंडा उपमहानगरपालिका-३, बसामाडी लेवटस्थित बालउज्ज्वल माध्यमिक विद्यालयले 'बुक होलीडे' कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

पहिलो वर्ष प्रत्येक महिनाको तेस्रो शुक्रबार मात्र, दोस्रो वर्ष महिनाको दुई शुक्रबार रहने गरी 'बुक होलीडे' कार्यक्रमको सुरुवात गरिएको विद्यालयले जनाएको छ । इण्डोर र आउटडोरमा व्यवस्थापन हुने गरी करिब ५० वटा कला, साहित्य, खेलकुद, बालसंरक्षण, आयआर्जनमूलक विधामा कक्षागत र तहगत समूह बनाएर कार्यक्रम सञ्चालन गरिने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकनाथ शिवाकोटीले जानकारी दिए ।

'एकोहोरो अध्ययन र किताबी दबाबले शिक्षाको गुणस्तर र नतीजामा विद्यार्थीहरु कमजोर देखिएका छन् । निरन्तर अध्ययनको कारण थकित शिक्षकलाई नयाँ ऊर्जा र उपलब्धीमूलक नतीजा प्राप्ति गर्न यो कार्याक्रमले टेवा पुग्ने विश्वास हामीले लिएका छौं ।', अध्यक्ष शिवाकोटीले भने ।

विद्यालयका प्रधानाध्यापक शम्भु बर्तौलाले पहिलोदिन कक्षागत चित्रकला र हिज्जे प्रतियोगिता आयोजना गरी औपचारिक रुपमा कार्यक्रमको सुरुवात गरिएको बताए । कार्यक्रममा ६ सय जना विद्यार्थीले सहभागिता जनाएको उनले जानकारी थिए । सहभागी ६० जना विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

संविधानसभा सदस्य लामिछानेलाई पितृशोक

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ संविधानसभा सदस्य प्रल्हाद लामिछानेलाई पितृशोक परेको छ । हेटौंडा-५ निवासी लामिछानेका पिता लिलानाथको ९० वर्षको उमेरमा निधन भएको हो ।

केही दिनअघि मुटुमा समस्या देखिएपछि भरतपुरस्थित सीएमसी अस्पालमा भर्ना गरिएको थियो । आइतबार मध्यान्ह लामिछानेको निधन भएको हो । अपरान्ह देवघाटधाममा हिन्दु परम्पराअनुसार दाहसंस्कार गरिएको थियो । लमिछानेका तीन छोरा एक छोरी छन् ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
हेटौंडा, मकवानपुर
प्रस्ताव आव्हान्सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८०/०८/२५

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरको आ.व. २०८०/०८१ मा संचालन हुने **'पुरुष क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम'** संचालन गर्न इच्छुक कृषक समूह/ सहकारी/निजी फर्महरुबाट प्रस्ताव पेश गर्न मिति २०८०/०७/१६ गतेमा प्रथम पटक सूचना प्रकाशन भएकोमा कार्यलयको वार्षिक कार्यक्रम तथा लक्ष्य अनुसार पर्याप्त आवेदनहरु दर्ता नभएको हुँदा दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८०/०९/०९ गते) भित्र रु. १० को हुलाक टिकट टाँसी **'पुरुष क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०'** को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।
यो सूचना प्रकाशन मितिले १५ दिनभित्र

क्र.स.	क्रियाकलाप	एकाई	परिमाण	कार्यालयको प्रति एकाइ अधिकतम प्रोत्साहन रकम रु.	आवेदक	कैफियत
१	पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि कार्यक्रम	पटक	१	क्रियाकलापको लागि विनियोजित बजेट अनुसार लागतको ५०%साझेदारी हुने गरी	कृषक समूह/ सहकारी/निजी फर्म	ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने
२	प्रविधि अनुशरण तथा प्रसार	पटक	१	मेशिनरी खरिदको हकमा विनियोजित बजेटअनुसार लागतको ५०% साझेदारी तथा भौतिक निर्माणको लागि लागतको ८०% साझेदारी हुने ।	कृषक समूह/ सहकारी/निजी फर्म	ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने
३	दुधको गुणस्तर वृद्धि कार्यक्रम	पटक	१	१० लाख	कृषक समूह/ सहकारी/निजी फर्म	ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने
४	पशु आहारा आत्मनिर्भर कार्यक्रम:	पटक	१	हिउँदे/वर्षे/बहुवर्षीय घाँसको बीउ/बेर्ना वितरण हिउँदे घाँसको लागि: प्रति हेक्टर रु.२० हजार बहुवर्षीय घाँसको लागि: प्रति हेक्टर रु. ४० हजार मकै खेती प्रोत्साहन: प्रति हेक्टर रु. ३०,०००	कृषक समूह/ सहकारी/निजी फर्म	ग्रिन टु ह्वाइट सेन्टर वा सो भन्दा बाहेक पनि सञ्चालन गर्न सकिने ।
				घाँसको स्रोत केन्द्र स्थापना: बढीमा ३ लाख वा लागतको ५०% साझेदारी हुने गरी ।	निजी फर्म	ग्रिन टु ह्वाइट सेन्टरभित्र लागू हुने

नोट: कार्यक्रमको विस्तृत विवरणको लागि ९८५५०२७७३० मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै **'पुरुष क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०'** कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडाको वेबसाइट https://molmac.bagamati.gov.np वा फेसबुक (veterinary hospital makawanpur) बाट डाउनलोड गर्न सकिने छ ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरु:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना